नेपाल सरकार
गृह मन्त्रालय
# राष्ट्रिय अनूसन्धान विभाग
वरफवाग, सिंहदरवार

**स्टेशनरी, विजुली तथा कार्यालय सम्बन्धी अन्य मालसामानहरुको शिलवन्दी वोलपत्र आव्हान सम्बन्धी सुचना :**

गो.प.मा प्रथम पटक प्रकाशित मिति २०७२।४।२९ गते

चालू आ.व. ०७२।७३ सालभरको लागि आवश्यक पर्ने स्टेशनरी, विजुली तथा कार्यालय सम्बन्धी अन्य मालसामानहरु शिलवन्दी वोलपत्रद्वारा विभागको आवश्यकता अनूसार पटक पटक गरी खरिद गर्नू पर्ने भएकोले त्यस्ता मालसामानहरु आपुर्ति गर्न ईच्छूक रजिस्टर्ड फर्म वा कम्पनीहरुबाट निम्न सर्तहरुको अधिनमा रही रितपुर्वकको शिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

१. बोलपत्र फाराम यो सुचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र नेपाल सरकारबाट इजाजत प्राप्त अधिकृत विक्रेता तथा फर्महरुबाट फर्म दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाण पत्र र आ.व. ०७०।७१ को कर चूक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न गरी रु.१० को टिकट टांसी कारवाहीमा नपरेको स्वयं घोषणा पत्र सहितको निवेदन पेश गरेमा प्रतिथान फारामको रु.१०००।-(एक हजार) मात्र पछि फिर्ता नहूने गरी नगदमा यस विभागबाट प्राप्त गर्न सकिने छ ।

२. वोलपत्र फाराम साथ को.ले.नि.का काठमाण्डौ भूक्तानी केन्द्र ४, सिंहदरवार, एभरेष्ट वैंक नयांवानेश्वरको धरौटी खाता नं. १३५००१ मा रु.८८,५००।– (अठासी हजार पांच सय) मात्र जम्मा गरेको सक्कल प्रती वैङ्क भौचर वा मान्यता प्राप्त क श्रेणीको वाणिज्य वैङ्कबाट यस विभागको नाममा जारी गरेको ३ महिना अवधिको मान्यता प्राप्त वैङ्क ग्यारेण्टी (विडवन्ड) पेश गर्नू पर्नेछ ।

३. रित नपूगी, म्याद नाघी वा कूनै सर्त राखि पेश हून आएको वोलपत्र उपर कूनै कारवाही हूने छैन ।

४. वोलपत्र फाराममा उल्लेख गरिएका दर भाउ अंक र अक्षर दूवैमा भरी स्पष्ट रुपमा खूलाई पेश गर्नू पर्नेछ । अक्षर र अंकमा उल्लेखित दर फरक परेमा अक्षरमा उल्लेखित दर भाउलाई मान्यता दिईने छ ।

५. वोलपत्र फाराम वूझाउदा शिलवन्दी गरी खाम वाहिर स्पष्ट उल्लेख गरी यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० वजे भित्र यस विभागको दर्ता शाखामा बूझाउनू पर्नेछ । उपरोक्त शिलवन्दी वोलपत्रहरु ३१ औं दिनको १५:०० बजे यस विभागको सभाहलमा वोलपत्र दाता वा निजको पत्र सहितको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि उक्त वोलपत्रहरु तोकिएको समयमा

खोलिने छ । कारणवस वोलपत्र पेश गर्ने वा खोल्ने दिन विदा परेमा त्यस पछिको कार्यालय खूल्ने दिन र समयमा उक्त कार्यहरु गरिने छ ।

६. प्राप्त भएको वोलपत्रहरु मध्ये घटी वा वढी दर, आशिंक वा पुर्ण, स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार यस बिभागमा सूरक्षित रहने छ ।

७. वोलपत्र दाताले वोलपत्र पेश गर्दा वोलपत्रमा उल्लेख भए बमोजिमको व्राण्ड र कम्पनीका ( ओरिजीनल) सामानहरु र व्राण्ड कम्पनी उल्लेख नभएको सामानको हकमा उच्च गूणस्तरको सामानहरु दिनू पर्ने छ । वोलपत्र फाराममा उल्लेख भएका परिमाण र मुल्यका सामानहरु विभागको आवश्यकता अनूसार थपघट भएमा पनि वोलपत्र दाताले स्वीकार गर्नू पर्ने छ ।

८. एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

९. वोलपत्र सम्बन्धी अन्य कूरा बूझ्नू परेमा कार्यालय समय भित्र यस विभागको जिन्सी शाखामा सम्पर्क राख्न सकिने छ ।

१०. अन्य कूराहरुको हकमा प्रचलित ऐन नियम बमोजिम हूनेछ ।